आज मिति २०८०।१०।१२ गते शुक्रबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्ताबहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्तबहादुर मगर | वडा नं.१ वडा अध्यक्ष |
| ४. | | श्री पञ्चबहादुर प्रजा | वडा नं.२ वडा अध्यक्ष |
| ५. | | श्री नरबहादुर नेपाल | गा.पा. प्रवक्ता एवं वडा नं.३ वडा अध्यक्ष |
| ६. | | श्री रुद्रप्रसाद उप्रेती | वडा नं.४ वडा अध्यक्ष |
| ७. | | श्री तेजबहादुर शेरचन | वडा नं.५ वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | वडा नं.६ वडा अध्यक्ष |
| ९. | | श्री बमबहादुर थापामगर | वडा नं.७ वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | पार्वती | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री चन्द्रकान्त बस्नेत | सदस्य-सचिब |

अन्य उपस्थितिः

१. आशिष पौडेल, इन्जिनियर सातौं, खैरहनी न.पा. (वातावरण इन्जिनियर)
२. अन्तिम सिंजाली, शाखा अधिकृत, जिल्ला समन्वय समिति, चितवन
३. उद्गम तिमिल्सिना, लेखा अधिकृत सातौं तह
४. बाबु पण्डित, अधिकृत सातौं
५. कमल राउत, इन्जिनियर सातौं
६. तेज कुमार धमला, अधिकृत छैठौं

## कार्यपालिकाको प्रस्ताव पेश कार्यसूची

बैठक संख्या:३५

अध्यक्षता: श्री दान बहादुर गुरुङ

बैठक मिति: २०८०।१०।१२

बैठक स्थान: इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।

बैठक समय: विहान ११:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०८०।१०।१२ | ११:०० बजे | IEE Report स्वीकृति सम्बन्धमा। | पूर्वाधार विकास शाखा | १ |
| २०८०।१०।१२ | ११:३० बजे | कृत्रिम गर्भाधानमा सुत्केरी भत्ता कार्यक्रम सञ्चालन कार्यविधि, २०८० सम्बन्धमा। | पशुसेवा शाखा | २ |
| २०८०।१०।१२ | ११:३५ बजे | अस्थायी क्रसर उद्योग सञ्चालनको लागि अनुमति प्रदान गर्ने सम्बन्धमा। | पूर्वाधार विकास शाखा | ३ |
| २०८०।१०।१२ | ११:५० बजे | महिला स्वास्थ्य स्वयंसेविकाहरुको मासिक भत्ता रकम थप गर्ने सम्बन्धमा। | स्वास्थ्य शाखा | ४ |
| २०८०।१०।१२ | ११:५५ बजे | आपतकालिन (इमर्जेन्सी) अवस्थामा गर्भवती र सुत्केरीलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने सम्बन्धमा। | स्वास्थ्य शाखा | ५ |
| २०८०।१०।१२ | १२:०० बजे | कला, धर्म र संस्कृति प्रवर्द्धनको लागि वाद्यबादन सामाग्री तथा पोशाक खरिदको लागि आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा। | सामाजिक विकास शाखा | ६ |
| २०८०।१०।१२ | १२:०५ बजे | नेपाल मगर संघद्वारा आयोजित शुभकामना आदानप्रदान कार्यक्रमका लागि आर्थिक सहयोग उपलब्ध गराउने सम्बन्धमा। | सामाजिक विकास शाखा | ७ |
| २०८०।१०।१२ | १२:१० बजे | गृहणी महिला सशक्तिकरण कार्यक्रम, २०८० सञ्चालन सम्बन्धमा। | सामाजिक विकास शाखा | ८ |

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष

**पूर्व बैठकको समीक्षा**

मिति २०८०।१०।०७ मा बसेको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो ।

**३५ औं कार्यपालिका बैठकको निर्णयहरुः**

निर्णय नं.१: इच्छाकामना गाउँपालिकाको वडा नं. ३,४ र ७ भित्र पर्ने सोता बगर, रानी खोला, भोटी खोला र खगेरी खोला क्षेत्रमा रहेको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, ग्राबेल) उत्खनन् तथा विक्रि वितरण प्रयोजनको लागि सार्प रिसर्च सेन्टर प्रा. लि. अनामनगर काठमाडौंले तयार गरी पेश गरेको IEE Report स्वीकृत गर्ने।

निर्णय नं.२: कृत्रिम गर्भाधानमा सुत्केरी भत्ता कार्यक्रम सञ्चालन कार्यविधि, २०८० स्वीकृत गर्ने।

निर्णय नं.३: नेपाल सरकारको रणनीतिक सडक विस्तार योजना अन्तर्गत विश्व बैंकको लगानीमा पृथ्वी राजमार्ग अन्तर्गत मलेखु-मुग्लिङ्ग सडक आयोजनाको Contract No. SRCTIP-DOR-W-NNM-ICB-03 लाई सफलतापूर्वक सम्पन्न गर्नको लागि उक्त आयोजनाको Contractor SHARMA-ZICG JOINT VENTURE Sitapaila, Kathmandu ले च.नं.२०७९।०८-१२१, मिति २०८०।०२।०६ गतेको पत्र मार्फत यस गाउँपालिकाको वडा नं. ४ मा जग्गा भाडामा लिई आयोजना अवधिभरको लागि निर्माणजन्य सामाग्री (ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, सब-वेस, वेस, चिप्स आदि) उत्पादन तथा प्रशोधन गर्न अस्थायी क्रसर स्थापनाको लागि अनुमति माग गरेकोमा वातावरणीय सन्तुलनमा प्रतिकूल असर नपर्ने गरी तथा बार्षिक रुपमा नवीकरण हुने गरी अस्थायी क्रसर उद्योग स्थापना गर्न अनुमति प्रदान गर्ने।

निर्णय नं.४: आ.व. २०८०।०८१ देखि महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई निजहरुले विगतमा पाउँदै आएको मासिक भत्ता रु.२,०००।-(अक्षरेपि दुई हजार) मा रु. ५००।-(अक्षरेपि पाँच सय) थप गरी मासिक रु. २,५००।-(अक्षरेपि दुई हजार पाँच सय ) भत्ता उपलब्ध गराउने ।

निर्णय नं.५: आपतकालिन (इमर्जेन्सी) अवस्थामा गर्भवती र सुत्केरीलाई गाउँपालिकाद्वारा सञ्चालित एम्बुलेन्स निशुल्क उपलब्ध गराउने।

निर्णय नं.६: गाउँपालिकाको कला, धर्म र संस्कृति प्रवर्द्धनको लागि श्री इच्छाकामना त्रिवेणी कला केन्द्र, इच्छाकामना-५, मुग्लिङ्ग, चितवनलाई बढिमा रु. ७७,०००।- (अक्षरेपि सतहत्तर हजार मात्र) बराबरको वाद्यवादन सामाग्री र श्री उर्ग्यानलिङ्ग बौद्ध गुम्बा इच्छाकामना-७, सुन्दरबस्ती चितवनलाई बढिमा रु. ८०,०००।-(अक्षरेपि असी हजार) बराबरको तामाङ समुदायको रितिरिवाज परम्परा अनुसारको वाद्यबादन सामाग्री तथा पोशाक उपलब्ध गराउने।

निर्णय नं.७: नेपाल मगर संघ इच्छाकामना गाउँ समन्वय समिति, चितवनले मगर समुदायको महान पर्व माघे सक्रान्ति-२०८० को उपलक्षमा गाउँपालिकाको सात वटै वडालाई समेटेर आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रमलाई प्राप्त बिल भर्पाईका आधारमा बढिमा रु. ३०,०००।- (अक्षरेपि तीस हजार मात्र) सहयोग उपलब्ध गराउने।

निर्णय नं.८: गृहणी महिला सशक्तिकरण कार्यक्रम, २०८० सञ्चालन गर्न गाउँपालिकाको लागत साझेदारीको प्रतिबद्धता सहित बागमती प्रदेश सामाजिक विकास मन्त्रालय, हेटौंडामा प्रस्ताव पेश गर्ने।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष